स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री तथा पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाह ८, ९, १० फागुनमा धार्मिक र सामाजिक विधिपूर्वक विवाह गर्दैछिन्। ५ बैशाखमा उनले याञ्चित राणासँग कानुनी विवाह गरेकी थिइन्। विधिपूर्वक हुन लागेको नीतिको विवाह आउन दुई साता मात्र बाँकी छ। यसका लागि उनको तयारी जोडतोड चलिरहेको छ। सामान्य ढंगले र सीमित पाहुनाको उपस्थितीमा ३ वटा भेन्युमा विवाह हुने कुरा उनले बताएकी छिन्।

**आजको विचार...**



विश्व...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



अघिल्लाभन्दा यसपटक कलाकारलाई चुनाव लागिरहेको छ। फरक यति हो- कोही खुलेरै उम्मेदवार बनेका छन्। कोहीले खुलेरै दलीय पक्षधरता देखाएका छन् भने कोहीले तटस्थ ढंगले राजनीतिक अभिव्यक्ति दिइरहेका छन्। समानता एउटै छ- सबैलाई चुनावी गर्मीले छोएको पक्का छ। यो मेसोमा अभिनेता दयाहाङ राईले भने भोट माग्ने आधार के छ भन्दै चुनाव लडिरहेका दललाई प्रश्न गरेका छन्। फेसबुकमा सेयर गर्दै दयाहाङले प्रश्न सोधेका हुन्।

❒ वर्ष ३१ अंक १८९ ❒ २०८२ माघ २२ गते बिहीबार 5 February 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## लुम्बिनी प्रदेशको स्थापना दिवस

# ‘प्रदेश सरकार संघीयताको जग बलियो बनाउँदैछ’

हाम्रा संवाददाता

**दाङ,** माघ २१/लुम्बिनी प्रदेशको नवौं स्थापना दिवस मनाइएको छ । लुम्बिनी प्रदेश सरकार र लुम्बिनी प्रदेश सभाको संयुक्त आयोजनामा बुधबार राप्ती उपत्यका (देउखुरी) मा मूल समारोह आयोजना गरेर दिवस मनाइएको हो ।

प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले कार्यक्रमको उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै उनले संघीयताको बलियो आधार प्रदेश सरकार बन्दै गएको बताए । उनले संघीयताको मर्मलाई आत्मसाथ गर्दै प्रदेश सरकार अगाडि बढेको उल्लेख गरे । घर्तीमगरले प्रादेशिक संरचना र राजधानी क्षेत्रलाई खेतको फाँटभन्दा उँचो क्षेत्रमा विस्तार गर्नुपर्ने धारणा व्यक्त गरे । “खेतको फाँट जोगाउनुपर्छ, मैले सुझाव दिँदा पनि त्यसैगरी दिएको थिएँ”, उनले भने, “धान फल्ने फाँट जोगायौं भने कोही भोकै बस्नुपर्दैन ।” कार्यक्रममा प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश स्थापना भएको नौं वर्ष हुँदै गर्दा



संघीयतालाई बलियो बनाउने काम प्रदेशबाट भएको बताए । संघीयताका कारण जनताको घरआँगनमा विकास पुगेको र जनताले त्यसको अनुभूति गर्न पाएको उनको भनाइ छ । मुख्यमन्त्री आचार्यले प्रदेश बोझिलो भयो भन्ने भाष्यहरु निर्माण गरिएको भन्दै त्यसो नभएको बरु विकास निर्माणको आधारका रूपमा स्थापित हुँदै गएको स्पष्ट पारे । उनले भने “आज केही भएन, प्रदेश बोझिलो भयो भन्नेहरूलाई एक पटक प्रदेशमा भएको खर्चहरूको विवरण हेरेर मात्रै मूल्याङ्कन गर्न अनुरोध गर्दछु, गलत भाष्य खडा गर्ने काम नगरियोस् ।” मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले सुशासन, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार अन्त्यका लागि पाँच वर्षे रणनीतिक योजना बनाएर लागू गरेको जानकारी दिए ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### पाकिस्तानमा सुरक्षा चुनौती २५० को मृत्यु

(रासस/एएफपी)

**इस्लामबाद,** माघ २१/पाकिस्तानको बलूचिस्तान प्रान्तमा अलगाववादी समूहहरूले गत शनिबारदेखि सुरु गरेको समन्वित आक्रमणमा दुई सय पचासभन्दा बढी मानिसको मृत्यु भएको छ । सुरक्षा अधिकारीहरूले जनाएअनुसार, आक्रमणमा कुल १९७ आतंककारी मारिएका छन् भने ३६ सर्वसाधारण नागरिक र २२ सुरक्षा अधिकारी पनि ज्यान गुमाएका छन् । बलूचिस्तान प्रान्तका धेरै जिल्लामा अलगाववादीहरूले बैंक, जेल, प्रहरी थानाहरू र सैनिक अड्डाहरूलाई लक्षित गर्दै घातक हमला गरेका थिए । प्रान्तको प्रमुख शहर क्वेटामा आयोजित पत्रकार सम्मेलनमा बलूचिस्तानका मुख्यमन्त्रीले भने, “सुरक्षित जिल्लाहरू सफा गरिएका छन्, तर अलगाववादीहरू अझै भागिरहेका छन् र खोजी अभियान जारी छ । “पाकिस्तान सरकारले बलूच मुक्ति सेना (बीएलए) लाई यी हमला गरेको जिम्मेवार ठहराएको छ। उक्त समूहले बयान जारी गर्दै सैनिक अड्डा, प्रहरी र प्रशासनिक कार्यालयहरूमा हमला गरेको र आत्मघाती हमलाहरू पनि गरेको दाबी गरेको छ । सरकारले सुरक्षा बललाई सक्रिय पार्दै हेलिकोप्टर र जमिनबाट ठूलो सुरक्षा अभियान सुरु गरेको छ । केही जिल्लामा अझै झडप जारी रहेको र सुरक्षा बलले आतंककारीलाई पक्रन खोजिरहेको छ । यस आक्रमणले प्रान्तको अस्थिरता अझ बढाएको छ । चीनजस्ता विदेशी लगानीकर्ताहरूले सुरक्षा जोखिम बढेको भन्दै आफ्ना कर्मचारीहरूलाई बाहिर पठाएका छन् र प्राविधिक परियोजनाहरूमा काम रोक्ने तयारी गरेका छन् ।

## गुल्मीमा एक पुरुष मृत फेला



**गुल्मी,** माघ २१/जिल्लाको इस्मा गाउँपालिका-२ स्थित छल्दीपनाह खोलाको कुलोमा एक पुरुष मृत फेला परेका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार इस्मा-२ रातचौरका ४७ वर्षीय निमबहादुर कुमाल मृत अवस्थामा फेला परेका हुन् ।

कुमाल मंगलबार बिहान घरबाट तम्घास जान्छु भन्दै हिंडेका थिए । उनी सम्पर्कमा नआएपछि आफन्तले खोजतलास गर्ने क्रममा बुधबार बिहान छल्दीपनाह खोलाको कुलोमा मृत फेला परेको प्रहरीले जनाएको छ ।

घटनाबारे जानकारी प्राप्त भएपछि प्रहरी चौकी हस्तिचौर गुल्मीबाट प्रहरी सहायक निरीक्षक विनय कुमार श्रीवास्तवको कमाण्डमा टोली खटिएको थियो । घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## पाल्पामा निर्वाचन आचारसहिता पालना गर्न दल र उम्मेदवारको प्रतिवद्धता

**पाल्पा,** माघ २१/पाल्पामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आचारसंहिता पालना गर्न राजनीतिक दल, उम्मेदवारहरूले प्रतिबद्धता जनाएका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन आचारंहिताबारे उम्मेदवार तथा राजनीतिक दलका प्रतिनिधिसँग जिल्ला प्रशासन कार्यालयमा राखेको अन्तरक्रिया कार्यक्रममा सहभागीलाई निर्वाचनलाई स्वतन्त्र, शान्तिपूर्ण, भयरहित र निष्पक्ष बनाउन आचारसंहिताको पालना गर्ने प्रतिबद्धता जनाएका हुन् । उनीहरुले निर्वाचनलाई निष्पक्ष भयरहित बनाउन प्रतिबद्ध रहेको बताउँदै दल र उम्मेदवारबाट आचारसंहिता विपरीतका कुनै पनि कार्य नहुने आचारसंहिताको पूर्ण पालना गर्न प्रतिबद्धता व्यक्त गरे । नेपाली काँग्रेस पाल्पाका सभापति एवं क्षेत्र



नम्बर २ का उम्मेदवार हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका नेता धनेन्द्रराज घिमिरे, नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार सोमप्रसाद पाण्डेय, राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार माधवबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार डुलबहादुर कुँवर, राष्ट्रिय जनमुक्तिका उम्मेदवार टोप अस्लामी, जनता समाजवादी पार्टीका खिकबहादुर रेश्मी, नेसनल रिपब्लिक नेपालका देवप्रसाद श्रेष्ठ, मंगोल नेसनल अर्गनाइजेसनका मानबहादुर दर्लामी, सार्वभौम नागरिक पार्टीका रामबहादुर अस्लामी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का विष्णु ठडराई (सार्की) प्रगतिशील लोकतान्त्रिक पार्टीका बोधराज जैसी, स्वतन्त्र उम्मेदवार मोहन कुँवर थापा मगर लगायतले आचारसंहिता पूर्ण पालना गर्ने प्रतिबद्धता जनाएका छन् ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## बद्दो सुरक्षा चुनौती

आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुँदै छ । निर्वाचनसँग राजनीति, सामाजिक, आर्थिकलगायत बहुआयामिक पक्ष जोडिएका हुन्छन् । निर्वाचन निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा व्यवस्था महत्वपूर्ण हुन्छ । त्यसका लागि राज्यका सुरक्षा निकायको भूमिका निर्वाचनमा प्रत्यक्ष जोडिएको हुन्छ । सुरक्षासँगै आममतदाताले प्रयोग गर्ने विवेकको सुरक्षा पनि महत्वपूर्ण हुन जान्छ ।

अहिले देशका प्रमुख राजनीतिक शक्तिहरू चुनावमा होमिइसकेका छन् र आ–आफ्ना उम्मेदवारको पक्षमा प्रचार–प्रसारमा जुटेका छन् । अबको प्राथमिकता निर्वाचन सुरक्षा हो । त्यो भनेको चुनाव अघि, चुनाव हुने दिन र नतिजाको औपचारिक घोषणाको अवधिसम्म सुरक्षाको ग्यारेन्टी गर्नु हो । मतदातालाई मतदान केन्द्रसम्म आइपुग्दा आफ्नो जीवन र सुरक्षाको आशंका रहन्छ भने उनीहरूको मतदानमा सहभागी नहुन सक्छन् । त्यसैले चुनाव भयरहित वातावरणमा हुनुपर्छ । निर्वाचनअघि हुने हिंसात्मक घटना, सामाजिक तनाव र चुनावी झडपले आम नागरिकमा सुरक्षा चिन्ता बढाउँछ । यसले मतदातामा डर र अनिश्चय सिर्जना मात्र होइन, समग्र चुनावी माहोललाई कमजोर पार्छ । अहिले दलहरूभित्रको आन्तरिक असमझदारीलगायत विषाय सुरक्षा चुनौतीका रूपमा देखिएका छन् । मतदातालाई मतदान केन्द्रसम्म पुग्न नदिने, मतदान केन्द्र नै कब्जामा लिएर आफ्ना उम्मेदवारलाई जिताउने हर्कत गर्ने, आफू हार्ने स्थिति देखेपछि मतदान वा मतगणना बिथोल्ने, हिंसात्मक झडप निम्त्याउने गतिविधि विगतदेखि नै देखिँदै आएका छन् । र, अहिलेको निर्वाचनमा पनि त्यस्ता घटना नदोहोरिएलान् भन्न सकिन्न । नयाँ र पुराना राजनीतिक दलबीचको तीव्र प्रतिस्पर्धा, आन्तरिक असन्तुष्टि, सामाजिक सञ्जालको अनियन्त्रित प्रयोग र युवापुस्ताको राजनीतिक 'मोबिलाइजेसन'ले यसपटकको निर्वाचनलाई झनै जटिल बनाएको छ । दलहरू जसरी पनि जित हासिल गर्नुपर्ने मानसिकतामा देखिँदा प्रतिस्पर्धा स्वस्थ बहसभन्दा उत्तेजक अभिव्यक्ति, आरोप–प्रत्यारोप र भ्रामक प्रचारमा सीमित हुन थालेको छ । यसले केवल राजनीतिक संस्कारलाई कमजोर बनाएको छैन, समाजमा अविश्वास र डरको वातावरण पनि सिर्जना गरेको छ । विशेष गरी सामाजिक सञ्जाल निर्वाचनको सबैभन्दा ठूलो चुनौतीको रूपमा देखा परेको छ । प्रचारको सहज माध्यम बनेको सामाजिक सञ्जाल अहिले अफवाह, घृणा र हिंसालाई उक्साउने सामग्रीको थलो बन्दै गएको छ । तथ्यहीन सूचना, सम्पादित भिडियो र उत्तेजक भाष्यले समाजलाई विभाजित मात्र होइन, अस्थिर बनाउने जोखिम बोकेको छ । यस्तो अवस्थामा सुरक्षा निकाय एक्लैले सबै चुनौती सामना गर्न सक्ने अवस्था छैन । यसकारण शान्तिपूर्ण र निष्पक्ष निर्वाचन सुनिश्चित गर्नु सुरक्षा निकायको मात्र होइन, राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम र स्वयं नागरिकको साझा जिम्मेवारी पनि हो । तसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Socia Network

बित्दै गरेको समय, झर्दै गरेको पात र
बदलिदै गएको मान्छेले धेरै कुरा सिकाउदो रहेछ जिन्दगीमा ।
*(विशव थामीको फेसबुक स्टाटसबाट www.facebook.com/Bishav.Thami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विश्व अर्थतन्त्रमा : सुन, डलर र पेट्रोलियम पदार्थको मूल्य प्रभाव



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*विकसित र परिवर्तनशील विश्व अर्थतन्त्रमा निरन्तर विभिन्न तत्वहरुले सकरात्मक तथा नकरात्मक प्रभाव पारी रहेकै हुन्छ । कतै आर्थिक कारण तथा कतै राजनीतिक कारण त कतै आफुलाई शक्तिशाली बनाउने उद्देश्यले यसलाई प्रभाव पारी रहेको देखिन्छ । विश्व व्यापार सञ्चालनको आधारको रुपमा रहेको डलर बलियो र कमजोर हुँदा विशेषत यसले विश्व अर्थतन्त्रमा हलचल ल्याउने गर्दछ । भने निधक्क लगानी र सम्पत्ती सञ्चयको विकल्पको रुपमा रहेको सुनलाई लगानीकर्ताले लिदा यसको माग र आपूर्तिले यसको मूल्यलाई प्रभाव पारेको देखिन्छ । डलरलाई बलियो र आफ्नो अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यले चालिने गैर आर्थिक कदम, धनी देशहरुको अस्तित्वको लडाईले बाँकी विश्वको अर्थतन्त्रलाई प्रभाव पार्ने र आर्थिक संकट उत्पन्न हुने, अर्थजगतमा दीर्घकालिन असर पार्ने भएकोले आफुलाई शक्तिशाली मानिने देशहरुले यसतर्फ भने ध्यान दिदै अर्थतन्त्रका विभिन्न सुचक तथा तत्वहरुलाई स्वचालित सञ्चालन हुने कदम भने चाल्नु पर्ने देखिन्छ ।*

खुला अर्थतन्त्रका कारण विश्व एक परिवार जस्तै बन्न पुगेको छ । विश्वको एउटा देशमा पर्ने आर्थिक समस्याले बाँकी विश्वलाई प्रभाव पार्ने अवस्था विकास हुँदै गएको छ । अर्थतन्त्रका हरेक सुचकहरुमा बदलीले विश्व अर्थतन्त्रलाई प्रभाव पार्ने गर्दछ । विशेष गरेर विश्व अर्थतन्त्रमा दबदवा बनाई रहेका ठूला अर्थतन्त्र भएका केहि देशहरुको यसमा भूमिका विशेष रहेको अनुमान लगाउन सकिन्छ । विश्व व्यापारमा अमेरिकन डलर ,सुन तथा पेट्रोलियम पदार्थको मूल्यमा हुने उतार चडावले विश्व अर्थतन्त्रलाई सकरात्मक र नकरात्मक दुवै किसिमको प्रभाव पारिरहेको देखिन्छ । पछिल्लो समय सुनको मूल्यमा भएको उत्तार चडावले विश्व अर्थतन्त्रमा यस्तो प्रभाव पारी रहेको देखिन्छ । सुन एक विलाशी वस्तु भएता पनि आज भोली यो लगानीकर्ताको सुरक्षित लगानीको क्षेत्र बन्न पुगेको कारण यसले कुनै पनि देशको अर्थतन्त्रलाई प्रभावपारी रहेको देखिन्छ । अमेरिकन केन्द्रीय बैंकको व्याजदर निर्धारणले अमेरिकन डलरको मूल्यलाई ,डलरको मूल्यले सुन तथा पेट्रोलिय पदार्थको मूल्य निर्धारणमा प्रभाव पार्ने गर्दछ भने यी सबै कारणले विश्व अर्थतन्त्रका हरेक पक्षलाई ।

दैनिक हिसाब किताबमा चल्ने अमेरिकन तथा युरोपियन देशका नागरिकको सम्पत्ती सञ्चय गर्ने प्रवृत्तिले डलर सुन तथा पेट्रोलिय पदार्थको मूल्यमा घटबढ भइ रहेको देखिन्छ । अर्कोतर्फ विश्वका ठूला अर्थतन्त्र भएका देशहरुको आर्थिक जगतमा हुने जुङगाको लडाईले पनि यसलाई प्रभाव पार्ने गरेको छ । विश्व बजारमा निरन्तर बढ्दै गएको सुनको मूल्य, अमेरिकन डलर र पेट्रोलियम पदार्थले सुनको मूल्यमा पार्ने प्रभाव, विश्व अर्थतन्त्रमा डलर, सुन र पेट्रोलियम पदार्थको मूल्य परिवर्तनले पार्ने प्रभाव र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**विषय प्रवेश :**

विश्व अर्थतन्त्रमा अमेरीकी दबदवा कायमै छ । चाहे आर्थिक रुपमा होस् ,चाहे त्यो सैनिक शक्तिका हिसावले होस् वा राजनीतिक हिसावमा नै किन नहोस् । आफुलाई शक्तिशाली कायम गर्न कहिले आर्थिक समस्या आफै सिर्जना गरेर त कहिले समाधानका कुरा गरेर आफुलाई अब्बल सावित गर्न तम्सिरहेकै देखिन्छ । अर्को तर्फ विश्व व्यापार सञ्चालनमा अमेरिकन डलरको उपस्थिति अनिवार्य नै देखिन्छ । अमेरीका लगाएत ठूला अर्थतन्त्र भएका केहि देशले चाल्ने कदम र क्रियाकलापले विश्व अर्थतन्त्रलाई प्रभाव पार्ने गर्दछ भने यसैको कारण बन्न पुगेको छ वर्तमान समयमा सुनको मूल्यमा भएको निरन्तर वृद्धि ।

**सुनको मूल्यमा किन उतार चढाब भइरहेको छ ?**

सुन एक बहुमूल्य प्राकृतिक धातु हो । यसलाई गहनाको प्रयोगकोदेखि लगानी, मुद्रासञ्चिति र औद्यौगिक वस्तुको रुपमा प्रयोग गरिन्छ । आम मानसमा बढी विश्वासिलो मानिने यो धातु सम्पत्ति सञ्चय देखि लिएर प्रतिष्ठाको बस्तुको रुपमा पनि लिने गरिन्छ । नेपाल जस्ता विकासोन्मुख देशहरुमा यसलाई लगानी भन्दा बढी गहनाको रुपमा प्रयोग गरेको पाईन्छ भने विकसित र गतिशिल अर्थतन्त्र भएका देशहरुका नागरिकहरु यसलाई सम्पति सञ्चय र लगानीको रुपमा लिने गरेको पाईन्छ । सुनको मूल्यलाई प्रभाव पार्ने मुख्य कारणमा यसको माग र पूर्तिको अवस्था, उत्पादन लागत बढी, उत्पादनमा दुर्लभता आदि मुख्य रुपमा रहेका छन् ।

**यस बाहेक सुनको मुल्यमा घटबढ बनाउने पक्षहरुमा :**

-अमेरिकन केन्द्रीय बैंकले व्याजदरमा ल्याउने परिवर्तन ।
-अमेरीकन डलरको मूल्यमा आउने परि वर्तन ।
-राजनीतिक अस्थिरता ,युद्ध र युद्धको खतरा ।
-शेयर बजारमा हुने उतार चढाब ।
-सुनको उत्पादन लागत ।
-सुनको माग र पूर्ति बिचको अन्तर ।
-सुरक्षित लगानीको रुपमा हेरिनु ।
-देशका केन्द्रीय बैंकको सुन सञ्चय गर्ने नीति ।
-मुद्रास्फिती र मुद्रासंकुचन ।
-बजारको विस्तार ।
-धर्म संस्कृति, रितीरिवाज ।

**सुन, डलर र पेट्रोलियम पदार्थविचको मूल्य सम्बन्ध :**

**क) सुन र अमेरीकन डलरबिचको सम्बन्ध :**

विश्व अर्थतन्त्रमा अग्रणी देश अमेरीका र यसको मुद्रा अमेरीकन डलरको मूल्यमा आएको परिवर्तनले विश्व अर्थतन्त्रमा प्रभाव पार्ने गर्दछ । सुन र डलरलाई लगानी र सम्पत्ती सञ्चयको रुपमा लिने विकसित देशका नागरिकका कारण भएको देखिन्छ । डलर र सुनबिचको सम्बन्ध विपरीत देखिन्छ । डलर बलियो हुँदा सुन कमजोर हुन्छ भने डलर कमजोर हुँदा सुन बलियो हुने गर्दछ । सामान्यतया डलरले सुनको मूल्य निर्धारणमा भूमिका खेल्ने गर्दछ । डलरको मूल्य निर्धारण भने अमेरीकी केन्द्रीय बैंकले तय गर्ने व्याज दरले गर्दछ । व्याजदर बढी हुँदा डलर बलियो हुन्छ भने व्याज दर कम हुँदा डलर कमजोर हुने गर्दछ ।

**ख) अमेरिकन डलर र पेट्रोलिय पदार्थबिचको सम्बन्ध :**

विश्व व्यापारमा अग्रणी स्थान लिने पेट्रोलियम पदार्थको कारोवार अमेरीकी डलरमा हुने गर्दछ । अमेरीकी डलर र पेट्रोलियम पदार्थबिच सकरात्मक सम्बन्ध हुने गर्दछ । डलर बलियो भएमा तेल महँगो हुने गर्दछ भने डलर कमजोर हुँदा तेल सस्तो हुने गर्दछ । डलर बलियो वा कमजोर हुँदा तेलको माग र पूर्तिमा प्रभाव पार्ने गर्दछ भने यसले पेट्रोलियम पदार्थको मूल्यलाई प्रभाव पार्ने गर्दछ भने यसको मूल्य परिवर्तनले विश्व अर्थतन्त्रलाई ।

**ग) सुन र पेट्रोलियम पदार्थबिचको सम्बन्ध :**

विश्व अर्थतन्त्रमा लगानीलाई प्राथमिकता दिने लगानी कर्तालाई सुन वा पेट्रोलियम पदार्थको मूल्य परिवर्तनले पनि विशेष महत्व राख्ने गर्दछ । पेट्रोलियम पदार्थको मूल्य बढ्दा मुद्रास्फितीको अवस्था सिर्जना हुने र यस अवस्थामा लगानीकर्ताहरु सुन खरीद गर्ने गर्दछन् र यसले सुनको मूल्य वृद्धिमा सहयोग पुऱ्याउने गर्दछ । यो अवस्था भने सधै एकै नाश भने हुँदैन् ।

**अर्थतन्त्रमा सुन, डलर र पेट्रोलिय पदार्थको मूल्य प्रभाव :**

विश्व अर्थतन्त्रमा सबै भन्दा बढी प्रभाव पार्ने तत्वहरुमा अमेरिकन डलर, सुन र पेट्रोलियम पदार्थबिचको सम्बन्धले महत्व राख्ने गर्दछ । यीनीहरुको उत्पादन मात्रा, उत्पादन लागत, व्याज दर तथा माग र पूर्तिले विश्व बजारलाई प्रभाव पारेको देखिन्छ । डलर कमजोर हुँदा सुन र पेट्रोलिय पदार्थ बलियो हुन्छ भने डलर बलियो हुँदा सुन तथा पेट्रोलिय पदार्थ भने कमजोर हुने गर्दछ । डलरलाई भने व्याज दर निर्धारणले प्रभाव पार्ने गर्दछ । डलर बलियो हुँदा वा कमजोर हुँदा विश्वका अन्य देशको विनिमय दर निर्धारण तथा अन्तर्राष्ट्रिय व्यापारमा प्रभाव पार्ने गर्दछ । सुनको मूल्यको घटबढ्ले अन्तर्राष्ट्रिय लगानी कर्तालाई प्रभाव पार्ने गर्दछ । पेट्रोलिय पदार्थको मूल्य परिवर्तनले उत्पादन लागत र वस्तु तथा सेवाको मूल्य निर्धारणमा प्रभाव पार्ने गर्दछ । समग्रमा विश्व अर्थतन्त्रमा यी उल्लेखीत पक्षहरुले विशेष भूमिका खेल्ने गर्दछन् ।

**निष्कर्ष :**

विकसित र परिवर्तनशील विश्व अर्थतन्त्रमा निरन्तर विभिन्न तत्वहरुले सकरात्मक तथा नकरात्मक प्रभाव पारी रहेकै हुन्छ । त्यसमा अग्रणी स्थानमा रहेको छ अमेरीकन डलर, सुन र पेट्रोलियम पदार्थ । कतै आर्थिक कारण तथा कतै राजनीतिक कारण त कतै आफुलाई शक्तिशाली बनाउने उद्देश्यले यसलाई प्रभाव पारी रहेको देखिन्छ । विश्व व्यापार सञ्चालनको आधारको रुपमा रहेको डलर बलियो र कमजोर हुँदा विशेषत यसले विश्व अर्थतन्त्रमा हलचल ल्याउने गर्दछ । भने निधक्क लगानी र सम्पत्ती संञ्चयको विकल्पको रुपमा रहेको सुनलाई लगानीकर्ताले लिदा यसको माग र आपूर्तिले यसको मूल्यलाई प्रभाव पारेको देखिन्छ । डलरलाई बलियो र आफ्नो अर्थतन्त्रलाई बलियो बनाउने उद्देश्यले चालिने गैर आर्थिक कदम, धनी देशहरुको अस्तित्वको लडाईले बाँकी विश्वको अर्थतन्त्रलाई प्रभाव पार्ने र आर्थिक संकट उत्पन्न हुने, अर्थजगतमा दीर्घकालिन असर पार्ने भएकोले आफुलाई शक्तिशाली मानिने देशहरुले यसतर्फ भने ध्यान दिदै अर्थतन्त्रका विभिन्न सुचक तथा तत्वहरुलाई स्वचालित सञ्चालन हुने कदम भने चाल्नु पर्ने देखिन्छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शत्रुहरूबाट सतर्क रहनुहोला। आफन्तहरूको साथ र सहयोग मिल्नेछ। | **तुला** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ।सामानको जिम्मेवारी स्वयं राखौं। |
| **वृष** :चलिरहेको कार्यमा आकस्मिक बाधा आउँनेछ। ठूलाको कुरालाई सम्मान दिनुहोस्। | **वृश्चिक** : काममा सोचेभन्दा बढी समय लाग्ला।रचनात्मक कार्यतिर मन जानेछ। |
| **मिथुन** : मार्केटिंग क्षेत्रबाट जोडिएकाहरुको लागि नयाँ टार्गेट मिल्नेछ। | **धनु** : शैक्षिक क्षेत्र फराकिलो बन्नेछ। गुरुजनहरूबाट सहयोग मिल्नेछ। |
| **कर्कट** :कारोबार सम्बन्धी समस्याको समाधान हुनेछ। पराक्रममा वृद्धि हुनेछ। | **मकर** : यात्राका रूपरेखा बन्नेछन्। सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भइएला। |
| **सिंह** : आपसी सहमतिले सम्वन्धमा चलिरहेको मनमुटाव सुल्झिनेछ। | **कुम्भ** : आत्मविश्वासमा कमी आउँनेछ। कुरा गर्दा शब्द चयनमा ध्यान दिनुहोस्। |
| **कन्या** : उधारो धन फिर्ता लिने समय रहेको छ।महत्वपूर्ण योजनाहरू पूरा हुनेछन्। | **मीन** : व्यापारमा नयाँ अनुबन्धहरू गर्नुपर्ला। प्रेम र मित्रताको बन्धन कसिनेछ। |




विचार ● लक्ष्मीभक्त बासुकला

# नानीको होमवर्क र उसको निद्रा

नानीहरुको होमवर्क अहिले शिक्षाको अंग जस्तै बनेको छ छन् । बालकहरुको मस्तिष्कमा होमवर्कले अहम् भूमिका खेलेको हुन्छ । हुनत, होमवर्क सवैक्षेत्रहरुमा त्यतिकै अपरिहार्य बनिरहेका छन् । कुनै पनि समस्या वा द्वन्द्वको समाधानको प्रक्रिया पनि होमवर्ककै प्रतिफल हो । कुनै एउटा निर्णय गर्नु अगाडि होमवर्कको महत्व छ । तर शिक्षा क्षेत्रमा होमवर्क सही ढंगले प्रयोग भइरहेको छैन । यस क्षेत्रमा होमवर्कले बालक बालिकाहरुको निन्द्रालाई खलबल पुर्याउँदछ । अलिकति रमाइलो गर्न लागे कि नानीहरुलाई होमवर्क कै चिन्ता, टी भी हेर्न बसे पनि होमवर्क, साथीहरुसंग खेल्न लागेपनि होमवर्कको चिन्ताले पिरोल्दछ । हरेक अभिभावकको मुखमा नै होमवर्क, नानीहरुको सपनामा पनि होमवर्क, खाना खानेबेलामा पनि होमवर्ककै चिन्ता, लुगा लगाउन लगाउन खोज्यो कि होमवर्ककै चिन्ता हुन्छ । यसरी होमवर्क उनीहरुका लागि पढाइको स्तर बृद्धि गर्ने नभएर मानसिक तनावको प्रमुख कारण बन्छ । यसरी होमवर्कलाई आतंकको पर्यायवाची बनाइदिने प्रमुख व्यक्ति विद्यालयका सरमिसहरु नै हुन । नानीहरुका लागि होमवर्क पढाइको सशक्त माध्यम हो भन्ने कुरालाई नकार्न सकिदैन । असल र उचित होमवर्कले बालकलाई असल बनाउँछ । बोझिलो होमवर्कले उनीहरुको दिमागमा नकारात्मक असर पर्न सक्दछ । दिमागको नकारात्मक असरले शैक्षिक उन्नतिमा वितृष्णा पैदा हुने डर बढी रहन्छ । साथै बोझ, अनिद्रा, अस्वस्थकर बनाउँछ । उनीहरुले खास खास सिक्नुपर्ने कुरा पूरा मात्रामा नसिकिकन अधुरो सिक्दछन् । अधुरो शिक्षा हासिल गर्नु भनेको उच्च शिक्षा हासिल गर्न कठिन हुनु हो । त्यसैले होमवर्क दिँदा बालबालिकाहरुलाई असल खालको दिने गर्नु पर्दछ । नानीहरुलाई दिने होमवर्क कार्यमा सकारात्मक र नकारात्मक दुबै पक्षहरु हुन्छन् । विभिन्न अनुसन्धानबाट के कुरा प्रमाणित भइसकेको छ भने बढी होमवर्कमा जोतेको नानीहरुको मानसिक क्षमता अभिबृद्धि निकै पछि परेको पाइएको छ । साथै उनीहरुको सिर्जनात्मक र प्रबर्द्धनात्मक क्रियाकलाप बढी सक्षम नभएको कुरा प्रष्ट भएको छ । त्यसैले नानीहरुलाई होमवर्क दिँदा समयको ख्याल गरी बालमनोवैज्ञानिक आधारहरु अपनाउनु पर्ने जरुरी देखिन्छ ।

**बिदाको निम्ति होमवर्क**

प्रत्येक बर्ष विद्यालयहरुमा विदाहरु निश्चित अवधिमा गरिएको हुनुपर्छ । त्यसको निम्ती छुट्टै योजना र क्यालेण्डरकै जरुरत पर्दछ । तर हाम्रो देशको शैक्षिक क्यालेण्डरहरुमा तुलनात्मकरुपमा विरोधाभास देखिन्छ। सरकारी विद्यालयमा हिउँदे विदा १ महिनाको हुन्छ । तर प्राईभेट बोर्डिङ्ग विद्यालयहरुमा १ हप्ता वा १० दिन मात्रै दिने चलन पनि छ । विदाको होडवाजीले पनि शैक्षिक स्तर अस्तव्यस्त छन् । त्यसैले सम्बन्धित निकायले शैक्षिकक्षेत्रको क्यालेण्डर बनाउँदा सरकारी र प्राईभेट बोर्डिङ्गमा एकरुपता ल्याउनु जरुरी पर्छ । उदाहरणको लागि, परीक्षा लिने, नतिजा प्रकाशित गर्ने, शैक्षिक सत्र सुरु गर्ने हिउँदे वा बर्षे विदाहरुमा एकरुपता आदि आदि । भौगोलिक विकटताले गर्दा अन्य कार्यक्रमहरु फरक भए पनि विदा, परीक्षा लिने, नतिजा प्रकाशित गर्ने, शैक्षिक सत्र सुरुवात गर्ने आदिमा एकरुपता हुनु जरुरी देखिन्छ । बर्षे विदा वा हिउँदे विदा हुनु भन्दा अघिल्लो दिन सबै नानीहरुलाई बढी भन्दा बढी होमवर्क दिएर व्यस्त गराउने प्रवृत्ति देखिएको छ । यस्तो कार्य ज्यादै नकारात्मक कुराभित्र पर्दछ । नानीहरुको कार्यक्षमता र समयबधीलाई ख्यालै नगरी हचुवाको भरमा होमवर्क दिने गर्नाले बालकहरुको मन मस्तिष्कमा नकारात्मक असरहरु पर्दछन् । जसको परिणामस्परुप उनीहरुको मनमा विकृति पैदा हनु सक्छ । अत: उनीहरुको समयको पावन्दी, क्षमता र आमोद प्रमोद गर्ने, साथीभाईसंग खेल्ने डुल्ने आदिलाई विचार पुऱ्याउनु पर्दछ । उनीहरुमा होमवर्क भनेको मेरो लागि हो, मैले होमवर्क गर्र्नुपर्छ, मेरो आफ्नो शैक्षिक उन्नति वा प्रगतिको लागि हो भन्ने अनुभूति जागृत गराउनु पर्दछ । होमवर्कको खास अर्थ र तात्पर्य पनि यही नै हुनुपर्छ । त्यसैले कुनै कुनै विद्यालयमा राम्रा नपढाइकन नानीहरुलाई बोझिलो किसिमको होमवर्क दिने गर्दछन् । जुन ज्यादै नकारात्मक छ । त्यस्तो कुरालाई नियन्त्रण गर्न राज्यले नै कुनै ठोस नीति नियमहरु बनाउनु पर्छ। जुन नीति र कानुनले यस्तो व्यवहार गर्ने सम्बन्धित व्यक्तिलाई कुनै किसिमको दण्डा र सजायको भागिदार बनाउनु पर्दछ ताकि यस्तो नकारात्मक त्रियाकलापलाई हातोत्साही गरी नानीहरुलाई रमाइलो र मनोरञ्जनात्मक किसिमले आफ्नो प्रतिभा र खुबीलाई प्रस्फुट्न गर्न अवसरहरु प्रदान गर्न सकियोस् । त्यसको निमित्त होमवर्कको बारेमा ठोस अध्ययन र अनुसंन्धान गरी उचित निर्णय गर्ने बेला आइसकेको छ । विगतको तुलनामा आजभोलि शिक्षाको परिभाषामा निकै परिवर्तन आइसकेको छ । केही वर्ष अगाडि मात्रै कम्प्युटर शिक्षा कुन चराको नाम हो भन्ने व्यक्तिहरु आज त्यसको लागि हुरुक्क हुने भएका छन । कम्प्युटरको माध्यमले सारा विश्व नै साँघुरिएको छ । यस्को सहायताले कुनै पनि विषयबारेमा अध्ययन गर्नु परेमा इन्टरनेटको माध्यमद्वारा सारा विश्व र ब्रम्हाण्डको अध्ययन गर्न सजिलो भइसकेको छ । साथै खुल्ला विश्वविद्यालयको अवधारणाले मानिसहरुले आफ्नो घरमा बसी बसी विश्वविद्यालयका डिग्रीहरु प्राप्त गर्न सकिने अवस्था आइसकेको छ । यस्तो जमाना आइसक्दा पनि हाम्रो देशमा भने अध्यापन गर्ने तरिकाका उही पुराना शैली ज्यूँका त्यूँ छन् । शिक्षा “सबैको लागि“ सर्वसुलभ हुनुपर्छ भने अवधारणाबाट प्रेरित भई शिक्षाको बारेमा विभिन्न ठूलठूला अध्ययन-अनुसन्धानहरु भएका छन । तर शिक्षा निमुखा, गरीब समुदायको पहुँच भन्दा बाहिरको भैरहेका कुरा नकार्न सकिँदैन । अत: शिक्षालाई सर्वसुलभ बनाउन विभिन्न योजना परियोजनाले पनि उक्त समुदायका व्यक्तिहरुमा झिनो पनि असर पार्न सकेको छैन् । यस्को मुख्य कारक तत्वको रुपमा योजना कार्यान्वयन राम्ररी नहुनु, पुग्दो मात्रामा लगानी गर्न नसक्नु, बाल अधिकारलाई ख्याल नगर्नु, अनिवार्य शिक्षा लागु गर्न नसक्नुको कारणले पनि गरीबको रेखामुनिका समुदाय शिक्षाबाट अझै पनि बन्चित रहको पाईन्छ ।

**के होमवर्क अनिवार्य र अपरिहार्य छ ?**

नानीहरुलाई होमवर्क अनिवार्य छ र उनीहरुको उमेर, स्तरलाई ध्यान दिएर होमवर्क दिनुपर्छ । होमर्वकले कति हदसम्म सकारात्मक पक्षलाई अगाल्छ भन्ने कुरालाई ख्याल राख्न जरुरी छ । यदि त्यसो गर्न सकेन भने नानीहरुमा प्रतिकुल असर पर्न जान्छ । शायद होमवर्कको प्रचलन परापूर्वकालदेखि नै भएको हुनु पर्छ । हाल होमवर्कको प्रचलन सरकारी विद्यालयमा भन्दा प्राईभेट बोर्डिङ्ग स्कूलमा बढी देखिन्छ । बोर्डिङ्ग स्कूलहरुमा विभिन्न किसिमका फिसहरु – महिना फिस, कम्प्युटर, पुस्तकालय, औषधि, युनिर्फम, खेलकुद आदि आदि र त्यति मात्रैले नपुगेर विभिन्न किसीमका अतिरिक्त शुल्कहरु पनि लगाउने गरिएको छ । यसरी अभिभावकले आफ्ना नानीहरुलाई बढी लगानी गरेपछि त्यसको प्रतिफल बढी अपेक्षा राख्ने गरेको छ । तैपनि अभिभावकहरुले यस्तो मनोवैज्ञानिक कुरालाई बेवास्ता गरी फोनमा वा विद्यालयमा गएर यति होमवर्क दिनुस है भनी नानीहरुलाई बढीभन्दा बढी होमवर्क दिन प्रेरित गर्दछन् । जुन सरासर गलत मानसिकता र बढी महत्वाकांक्षाका उदाहरण हुन् । अभिभावकहरु आफ्ना नानीहरुलाई छिटोभन्दा छिटो धेरै पढेर ठूलो मान्छे बनोस् भन्ने गलत धारणाबाट ग्रस्त छन् । पढाइ भनृको कसैको प्रेसरले वा फोर्सले हुने कुरा होइन, त्यसको निम्ति उनीहरु भित्री आत्मादेखि जागृत हुनुपर्छ । त्यसको निम्ति शिक्षक, अभिभावक वा सम्बन्धित व्यक्तिले आवश्यक सहयोग पुऱ्याउनुपर्छ । अनी मात्र उनीहरुको शिक्षाप्रति सकारात्मक भई होमवर्कले व्यक्तिगत उन्नति र प्रगति गर्न सक्दछ । त्यसैले सिर्जनात्मक र प्रवर्द्धनात्मक कुराहरु सिक्नेतिर मोड्न सक्ने होमवर्कले शैक्षिक गुणस्तरलाई उच्च राख्न सक्ने कुरामा कुनै सन्देह रहँदैन। यिनै सबै कुराहरुलाई मध्यनजर राखी कार्य गरेमा होमवर्कले नानीहरुको निन्द्रामा कुनै किसिमको खलबल पुर्याउने छैन ।

**सकारात्मक– नकारात्मक होमवर्कको असरहरु**

सकारात्मक

१.उमेर अनुसारको होमवर्क दिनु पर्ने

२. किताबबाट सार्ने लेख्ने, मात्रै नभएर अन्य किसिमका होमवर्क दिनु पर्ने जस्तै: ढुङ्गा जम्मा गर्ने, पातहरु जम्मा गर्ते, चित्रहरु लेख्ने आदि ।

३.दैनिक आधा घण्टादेखि एक घण्टासम्मको मात्र होमवर्क दिने ।

४.सरल र बौद्धिक खालको हुनुपर्ने

५. सिर्जनात्मक र प्रवर्तनात्मक किसिमको हुनु पर्ने

६.थोरै र चुस्त दुरुस्त खालको हुनु पर्ने

७.शारीरिक अस्थिरता र मानसिक तनावरहित हुनु पर्ने ।

८.मनोरंञ्जनात्मक र ज्ञानबर्धक हुनु पर्ने

**नकारात्मक**

१.बढी भन्दा बढी होमवर्क दिने

२.खाली किताबी कुरा सार्ने र लेख्ने काम मात्र दिने ।

३.धेरै समय सम्म गर्नु पर्ने होमवर्क दिने ।

४. कठिन होमवर्क दिने (सजाय दिने किसिमले दिने)

५. होमवर्क सिर्जनात्मक नहुने

६. होमवर्क नै सिकाइको सम्पूर्ण आधार मान्ने र ठान्ने

७. समय विताउने किसिमको मात्र हुन ` (अर्थ न बर्थको (Gribbles types) हुने)

८. खेलकुद, मनोरंञ्जनको लागि समय नहुने खालको हुने र निद्रामा पनि बर्बराउने खालको हुने ।

*-रातोपाटी डटकम*

लय कथा ● डा. राजु अधिकारी

# म गुण्डा बन्न चाहन्छु



गुण्डा बनेर देश र समाजमा चम्कन चाहन्छु ! शरुमा त मेरो कुराले आमाको अविश्वासको हाँसो फुट्यो । तर मेरो मुहारमा छाएको गम्भीरता देखेपछि उहाँको ह्दयमा भयङ्कर ज्वारभाटा छुट्यो । मैले आफ्नो गम्भीरता बढाउँदै थपेँ- आमा म चोर बन्न चाहन्छु, डाँका बन्न चाहन्छु । अपराधी बन्न चाहन्छु, भ्रष्ट बन्न चाहन्छु । अनैतिक बन्न चाहन्छु, तस्कर बन्न चाहन्छु । आफ्ना विरोधीका शिर फोर्न चाहन्छु । आफ्नो भाग्यको गोरेटो आफैँ कोर्न चाहन्छु ! मेरा सबै कुरा सुनेर एकछिन त आमा बक्क पर्नुभयो ।

मैले निकै मेहनतसाथ पढेँ र स्नातक पास गरेँ । अब त गजबको जागिर पाइन्छ भन्ने मिथ्या आश गरेँ । परन्तु जब हरेक प्रयासमा असफल भएपछि म गलत प्रमाणित भएँ, घर परिवार र समाज जताकतै ‘हुतीहारा’ भनेर अपमानित भएँ । विदेश जाऊँ भने धन पनि थिएन । त्यसो त मलाई विदेश पलायन हुने मन पनि थिएन । देशमै केही गर्छु भनेर मनमनै भनेको थिएँ । मलाई लाग्थ्यो म देशकै सेवाको लागि बनेको थिएँ । जागिर नपाए अरू केही व्यवसाय गर्छु भनेर व्यवसाय दर्ता गर्न अनेक कार्यालय धाएँ । जागिर खोज्ने भन्दा कैयौँ गुणा दु:ख व्यवसाय दर्ता गर्ने प्रक्रियामा पाएँ । यताबाट उता, उताबाट यता भकुण्डो सरी हिर्काइएँ । अन्तमा यो कागज पुगेन र त्यो कागज पुगेन भनेर व्यवसायका लागि अनुमति पत्र नदिएर फर्काइएँ । मलाई लघुताभाष र उदासिनताले छोयो । आफ्नो अवस्था देख्दा पल पल फदय रोयो । तर म के नै पो गर्न सक्थेँ ? न त सजिलै मर्न सक्थेँ । हिम्मत हारेर धेरै दिन मैले निराशा, निरुपाय र अनिश्चिततामा बिताएँ । अन्तमा एक दिन जबर्जस्ती आफ्नो मनलाई बुद्धिले जिताएँ । बुद्धिले यो समाजमा कामयाबी हुने एउटा गतिलो उपाय देखायो । मेरो खाली मस्तिष्कमा सुन्दर भविष्यको योजना लेखायो । मसँगै पढेको तर बीचमै छोडेको एक जनाले निकै प्रगति गरेको थियो । प्रगति गर्न ऊ जस्तै हुनुपर्छ भन्ने सबैलाई परेको थियो । खासमा ऊ पहिले शहरको टोले गुण्डा थियो । ऊसँग बदमास केटाहरूको सानो झुण्ड थियो । बिस्तारै उसले आफ्नो अपराध बढाउँदै गयो । गुण्डागर्दीबाट आर्जित व्यङ्ग नेता र पार्टीलाई चढाउँदै गयो । जति धेरै अपराध गऱ्यो उति नै उसको शान र शक्ति बढ्यो । उसका चेला मात्र हैन पार्टीका कार्यकर्ता पङ्क्तिमा पनि उसको मान र भक्ति बढ्यो । छिट्टै उसको शक्ति, क्षेत्र र देशभरि नै छायो । उसले पार्टीबाट चुनावको टिकट पनि पायो । ऊ हाम्रो समाजले परिभाषित गरेको ठूलो र सफल मान्छे भयो । उसको सफलताका सामु मेरो नैतिकता, इमानदारीता र पढाइ सबै बाफ सरी उडेर गए । समाजको नजरमा सफल बन्न अब मसँग एउटा मात्र उपाय बाँकी रह्यो । त्यही उपायले कैयौँ दिन मेरो दिमाग हाँकिरह्यो । धेरै सोच विचार गरेर अनि मैले निर्णय लिएँ । मैले पनि समाजले स्वीकार गरेको प्रगति पथमा लम्कन अनैतिकताको विष पिएँ । आफ्नो निर्णय सुनाउँदै मैले आमालाई भने- आमा अब म प्रगति पथमा लम्कन चाहन्छु । गुण्डा बनेर देश र समाजमा चम्कन चाहन्छु ! शरुमा त मेरो कुराले आमाको अविश्वासको हाँसो फुट्यो । तर मेरो मुहारमा छाएको गम्भीरता देखेपछि उहाँको फदयमा भयङ्कर ज्वारभाटा छुट्यो । मैले आफ्नो गम्भीरता बढाउँदै थपेँ- आमा म चोर बन्न चाहन्छु, डाँका बन्न चाहन्छु । अपराधी बन्न चाहन्छु, भ्रष्ट बन्न चाहन्छु । अनैतिक बन्न चाहन्छु, तस्कर बन्न चाहन्छु । आफ्ना विरोधीका शिर फोर्न चाहन्छु । आफ्नो भाग्यको गोरेटो आफैँ कोर्न चाहन्छु ! मेरा सबै कुरा सुनेर एकछिन त आमा बक्क पर्नुभयो । मेरो दिमागको समस्या हो कि आफ्नो कानको समस्या हो, अकमक्क पर्नु भयो । लघु मौनता तोड्दै आमाले भन्नुभयो- आशा थियो छोरो पढेर ज्ञानी बन्ला, सर्व मानी बन्ला । परिवार र कुलको इज्जत राख्ला । देश र समाज सेवाको भाव उसमा जाग्ला । तर आज किन यस्तो कुरा गर्छस् ? गुण्डा बनेर मेरो दश धारा दुधको ऋण कसरी पूरा गर्छस् ? सोचेर काम गर्नुपर्छ बाबु ! विचारहरूमा हुनुपर्छ काबू ! आमाको चिन्ता देख्दा मेरो आत्मा रोयो । उहाँको कुराले मन पनि छोयो । तर यो समाजमा बाँच्न, आफ्ना सपना साँच्न, सोझो र इमानदार भएर नहुने रहेछ, स्वार्थ र शक्तिको माद लागेको समाजलाई इमानदारीताले नछुने रहेछ । अनि मैले आमालाई सम्झाउँदै भनेरु- आमा, पढेर यहाँ केही काम छैन । दाम पनि छैन, नाम पनि छैन । गुण्डालाई हेर्नुस् त- ऊसँग धन छ, ऊसँग जन छ, जताकतै उसकै शान छ, जहाँ गए पनि उसकै मान छ । मेरो कुरा सुनेर आमाको बोली बन्द भयो । शायद उहाँको मन र मस्तिष्क दुवै मन्द भयो । आमाको मौनतालाई उपयोग गर्दै मैले आफ्ना बाँकी कुरा सुनाएँ । आमाका नजरमा हेर्न नसकी नत शिर गरी फेरि गुनगुनाएँ- फेरि अर्को निर्वाचन घर दैलोमै आइसकेको छ । उसको मुहारमा प्रसन्नता छाइसकेको छ । उसको भावभङ्गी र चुरीफुरी देख्दा मलाई लाग्छ उसले पार्टीबाट टिकट पनि पाइसकेको छ । ऊसँग गुण्डागर्दी गरेर कमाएको कालो धन छ । त्यो धनलाई चुनाव जित्नमा खर्च गर्ने मन छ । चुनाव जित्न उसले साम, दाम दण्ड भेद र सबै अस्त्र अनि शस्त्र प्रयोग गर्नेछ । हरेक घर, गाउँ, टोल र शहरमा पैसा छर्नेछ । जताकतै ऊ नै छाइरहेको छ । जन जनले उसकै भक्ति गीत गाइरहेको छ । जनता उसैको साथमा छ । नेताहरूको आशीर्वाद उसको माथमा छ । चुनाव जितेर ऊ भोलि मन्त्री बन्ला, मैले उसको जय जय गर्नु पर्ला । उसको चाकरी गर्नु पर्ला नत्र हर दिन त्रासमा मर्नु पर्ला । यहाँ जति धेरै अनपढ, जति धेरै गफाडी, त्यति ठूलो राजनीतिक पद हुन्छ । जति धेरै दुष्ट, जति धेरै मूर्ख उति नै अग्लो सामाजिक कद हुन्छ । जो जति धेरै तुच्छ बोल्छ समाजले उसलाई नै त्यति धेरै उच्च ठान्छ । त्यसैले आमा मलाई स्कूलमा तालाबन्दी गर्न दिनुहोस्, शिक्षकलाई कालो मोसो दल्न दिनुहोस्, आगजनी गर्न दिनुहोस्, हडताल गर्न दिनुहोस्, बन्द गर्न दिनुहोस् । मलाई बलात्कारी बन्न दिनुहोस्, जनता ठग्ने सहकारी बन्न दिनुहोस् । यो देशमा न्यायको किनबेच हुन्छ आमा । मलाई न्याय किन्न दिनुहोस्, न्याय बेच्न दिनुहोस्, गोली ठोक्न दिनुहोस्, हत्यारालाई शिरमा बोक्न दिनुहोस् । स्वतन्त्र र नैतिकवानहरू विष पिउन बाध्य हुन्छन् यहाँ आमा । मलाई स्वतन्त्रता रोक्न दिनुहोस्, दासता बोक्न दिनुहोस्, निर्लज्ज ढाँट्न दिनुहोस्, नेताका चरण चाट्न दिनुहोस्, जनताका शिर काट्न दिनुहोस् । यति नगरी यहाँ कसरी बाँच्न सकिन्छ र आमा ? यति नगरे यहाँ इज्जत नै कहाँ छ र आमा ? त्यसैले आमा, मलाई बाँच्न दिनुहोस्, इज्जतका साथ हाँस्न दिनुहोस् ! यति भनेर मैले घर छोडेँ । नैतिकता र इमानदारीलाई आमासँगै छोडी गुण्डासँग नाता जोडेँ । अब म पनि ठूलो मान्छे बन्नेछु । समाजलाई “मलाई अब सम्मान गर” भन्नेछु । म नेताको घरदैलो धाउनेछु । मैले पनि अब आउने चुनावमा टिकट पाउनेछु । म अनि मन्त्री बन्नेछु, भ्रष्ट्राचार गरेको पैसा दिनदिनै गन्नेछु । यो देशमा सफल बन्ने यही मात्र एक बाटो रहेछ । दानवलाई पुज्ने यहाँको माटो रहेछ ।

*-साहित्यपोस्ट डटकम*

# ट्राफिक प्रहरी कार्यालयलाई 'सोल्जर लाइट' प्रदान




**देवदह (रुपन्देही),** माघ २१/ चेम्बर अफ कमर्श, रुपन्देही उद्योग व्यापार संगठन, रुपन्देहीले ट्राफिक व्यवस्थापनका लागि प्रयोग गरिने आवश्यक सामग्री हस्तान्तरण गरेको छ । संस्थाले आृनो १९औँ स्थापना दिवसका अवसरमा जिल्ला ट्राफिक प्रहरी कार्यालय भैरहवालाई 'सोल्जर लाइट' र ज्याकेट सामग्री हस्तान्तरण गरेको हो ।

संस्थाको स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरिएको सस्थाका अध्यक्ष सचिन रोक्काले बताए । उनले गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालयमा रहेका उपकरणमा पनि क्षति हुँदा आवश्यक सामग्री प्रदान गरिएको जानकारी दिए । अध्यक्ष रोक्काले चेम्बरले उद्योगी-व्यवसायीको हकहितसँगै सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिँदै आएको जानकारी दिए । संस्थाका सह-कोषाध्यक्ष तथा ट्राफिक सामग्री हस्तान्तरण कार्यक्रमका संयोजक सन्तोष शुक्लाले कार्यालयलाई ६५ सोल्जर लाइट र १५ थान ज्याकेट प्रदान गरिएको जानकारी दिए । उनले कार्यालयसँग समन्वय गरेर यहाँ आवश्यक सामग्रीबारे जानकारी लिई उक्त सामग्री प्रदान गरिएको जानकारी दिए ।

आगामी दिनमा पनि कार्यालयलाई आवश्यक सहयोग गरिने उनले प्रतिबद्धता व्यक्त गरे । जिल्ला ट्राफिक प्रहरी कार्यालय, रुपन्देहीको प्रमुख प्रतिमा कार्कीले संस्थाले कार्यालयलाई 'बहमूल्य सामग्री' रहेको बताए । उनले समाजका लागि प्रहरीले काम गर्ने क्रममा चेम्बर अफ कमर्श, रुपन्देहीले सहयोग गर्नु सराहनीय रहेको भन्दै आभार व्यक्त गरे । चेम्बर अफ कमशका महासचिव लक्ष्मी अधिकारीका अनुसार १९औँ स्थापना दिवसको अवसरमा संस्थाले सप्ताहव्यापी कार्यक्रम आयोजना गरेको छ । जसअन्तर्गत योग ध्यान शिविर र मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता सम्पन्न भइसकेको छ । वृद्धाश्रममा खाद्यान्न सामग्री वितरण, माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता,सरसफाइ कार्यक्रम र स्थापना दिवस समारोह तथा सम्मान कार्यक्रम आयोजना गरिएको महासचिव अधिकारीले जानकारी दिए ।**-रासस**

## 'प्रदेश सरकार...

...प्रदेश सरकारले निर्माण गरेका कानुनी तथा नीतिगत संरचनाले प्रदेश सरकारको कार्यान्वयन क्षमता बलियो बनेको उनले उल्लेख गरे । सैायताको सवलीकरण र सफल अभ्यास लुम्बिनी प्रदेशबाट भएको पनि उनले दावी गरे । आचार्यका अनुसार संघीयताको औचित्य व्यवहारमा देखिनेगरी नीतिगत सुधार, भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन र कृषिलगायत सामाजिक तथा आर्थिक क्षेत्रको सन्तुलित विकासलाई प्रदेश सरकारले प्राथमिकतामा राख्दै आएको छ । प्रदेश सभामुख तुलाराम घर्तीमगरले प्रदेशसभा र प्रदेश सरकारले जनताको आधारभूत आवश्यकतासँग जोडिएका क्षेत्रमा कानुन निर्माण गर्ने र अनुभूति हुने गरी कार्यान्वयन गर्ने पक्षलाई बलियो बनाउँदै लगेको बताए । उनले ऐन र कानुन निर्माण गरेर प्रदेशलाई यो अवस्थासम्म ल्याउन सफल भएको बताए । पूर्वमुख्यमन्त्री जोखबहादुर महराले प्रदेशको विकासका लागि सुशासन आवश्यक रहेको बताए । समृद्ध र आत्मनिर्भर प्रदेश बनाउन पूर्वाधार तथा मानवीय श्रमशक्तिको विकास अनिवार्य रहेको उनको भनाइ छ । प्रदेश सरकारले प्रदेश स्थापना दिवसका अवसरमा बुधबार प्रदेशभर सार्वजनकि बिदा दिएको थियो । प्रदेश राजपत्रमा २०८१ चैत २१ गते प्रकाशित सूचनाअनुसार प्रदेश स्थापना दिवसका अवसरमा लुम्बिनी प्रदेशमा सार्वजनिक बिदा दिइएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ ।

## पाल्पामा निर्वाचन...

...प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुँवरले कसैले पनि आचारसंहिता उल्लंघन हुने कार्य गर्न नहुने बताइन् । निर्वाचन आयोगले आचारसंहिता उल्लंघन हुन नदिन आचारसंहिता पालना गरे/नगरेको बारे अनुगमन गरिने उल्लेख गरिन् । मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायाधीश हरिप्रसाद शर्मा उपाध्याय पंगेनीले आचारसंहिता पालन गरी सहयोग गर्न सबैलाई आग्रह गरे । निर्वाचन आचारसंहिता पालना तथा कार्यान्वयन, आचारसंहिता उल्लैनमा हुने कारबाही, पालना भए नभएको अनुगमन, दण्ड, सजायलगायतका बारेमा जिल्ला निर्वाचन अधिकारी महेश शर्माले जानकारी गराएका थिए । आचारसंहिता अनुगमन अधिकृत तथा सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम सुवेदीले आचारसंहिता उल्लंघनका फोनमार्फत सूचना आउन सुरु भएको बताए । उनले कतिपय त्यस्ता सूचना अस्पष्ट भएकाले आचारसंहिता उल्लंघन भएको देखिएमा सही सूचना र तथ्यमा आधारित हुनुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष कमलराज तिमिल्सेनाले पाल्पाली पत्रकार र मिडियाले पूर्णरुपमा आचरसंहिताको पालना गरेको बताए ।

खेलकुद समाचार

# नेपालले युएईलाई ७ विकेटले हरायो




**काठमाडौँ,** माघ २१/आईसीसी टी-२० विश्वकप अघिको पहिलो अभ्यास खेलमा नेपालले युएईलाई ७ विकेटले हराएको छ । चेन्नईमा गएराति सम्पन्न भएको खेलमा युएईले दिएको १ सय ४६ रनको लक्ष्य नेपालले १७ ओभरमा ३ विकेट गुमाएर भेट्टायो । नेपालका उपकप्तान दीपेन्द्र सिंह ऐरी र आरिफ शेखले १ सय ३ रनको साझेदारी गरे । आरिफले ३७ बलमा ६१ र दीपेन्द्रले ३१ बलमा ५० रन बनाए । कप्तान रोहित पौडेल र ओपनर आसिफ शेख रन आउट भए । रोहितले १६, आसिफ र अर्का ओपनर कुशल भुर्तेलले समान ८ रन बनाए । टस हारेर पहिला ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ४५ रन बनाएको थियो । युएईका एस खानले ३८ र एच कौसिकले ३५ रन बनाए । नेपालका सन्दीप लामिछाने र करण केसीले समान २ विकेट लिए । नेपालले दोस्रो अभ्यास खेल शुक्रबार क्यानडासँग खेल्नेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य एकै दिन १४ हजार ४ सयले बढ्यो




**पाल्पा,** माघ २१/नेपाली बजारमा सुनको मूल्य फेरि उकालो लाग्न थालेको छ । यसदिन सुनको मूल्य १४ हजार ४ सयले बढेको छ । नेपाल सुन- चाँदी व्यवसायी महासंघका अनुसार यसदिन १४ हजार ४ सयले बढेर प्रतितोला सुनको मूल्य ३ लाख ४ हजार ७ सय कायम भएको छ । अघिल्लो कारोबार दिन मंगलबार सुन तोला २ लाख ९० हजार ३ सयमा कारोबार भएको थियो ।

मंगलबार ३ हजार ७ सयले बढेको थियो । यसदिन चाँदीको मूल्यमा पनि वृद्धि भएको छ । महासंघका अनुसार २ सय ६५ रुपैयाँले बढेको हो । मूल्य बढेसँगै प्रतितोला चाँदी ५ हजार ६ सयमा खरिदबिक्री भइरहेको छ । मंगलबार सोही परिमाणको चाँदी ५ हजार ३ सय ३५ रुपैयाँमा कारोबार भएको थियो । यसअघि माघ १५ गते एक तोला सुनको मूल्य ३ लाख ३९ हजार ३ सय रुपैयाँ पुगेको थियो, जुन हालसम्मकै उच्च मूल्य हो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन पाँच हजार ५८ र त्यति नै परिमाणको सेतो धातु ८८ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई